☎ :०७१-५५०६३०
☎ : ०७१-५४००१४
☎ :०७१-५५०६१०

प्रदेश सरकार
लुम्बिनी प्रदेश

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुकाम बुटवल, नेपाल
(बैठक तथा आन्तरिक प्रशासन शाखा)

पत्र संख्या:- २०७७/७८
चलानी नं.:- ६८३

मितिः- २०७७/०६/२२

श्री स्थानीय तह (सबै)
लुम्बिनी प्रदेश

विषयः-जानकारी सम्बन्धमा।

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम प्रदेश नं ५ को प्रदेश सभाबाट मिति २०७७/०६/२० गते **"राप्ती उपत्यका (देउखुरी)"** लाई प्रदेश नं ५ को राजधानी पारित गरिएको र नेपालको संविधानको धारा २९५ को उपधारा (२) बमोजिम प्रदेश नं ५ को प्रदेश सभाबाट मिति २०७७/०६/२० गते प्रदेश नं ५ को नाम **"लुम्बिनी"** प्रदेश नामकरण पारित भएको सम्बन्धी मिति २०७७/०६/२० को प्रदेश राजपत्र यसैसाथ संलग्न गरी जानकारीको लागि पठाईएको व्यहोरा सादर अनुरोध छ। साथै, हाल यस प्रदेशको राजधानी बुटवलमा रहेकोले पत्रचार गर्ने प्रयोजनार्थ "मुकाम बुटवल, नेपाल" हुन समेत अनुरोध छ।

**बोधार्थः-**
शासकीय सुधार,सूचना तथा सञ्चार समन्वय शाखा
(प्रस्तुत पत्र सबै स्थानीय तहमा ईमेल गरिदिनु हुन)

२०७७/०६/२२
(कृष्ण प्रसाद पराजुली)
अधिकृत सातौं

# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, असोज २० गते, २०७७ साल (संख्या १८

## भाग ३

### प्रदेश सरकार

### प्रदेश सभा सचिवालयको सूचना

नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाबाट तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाई बहुमतबाट मिति २०७७।०६।२० गते "राप्ती उपत्यका (देउखुरी)" लाई प्रदेश नं. ५ को राजधानी पारित गरिएको र नेपालको संविधानको धारा २९५ को उपधारा २ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाई बहुमतबाट मिति २०७७।०६।२० गते प्रदेश सभाबाट प्रदेश नं. ५ को नाम "लुम्बिनी" प्रदेश नामाकरण पारित भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
दुर्लभ कुमार पुन मगर
प्रदेश सभा सचिव

प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय